## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापनार्थ शाही नेपाली सेनाको तेस्रो दफा श्री सवुज गण (शा. से.) मा सम्मिलित भै यूनिफिल लेवनानमा कार्यरत अवस्थामा खरिद गरी स्वदेशमा फर्कन नपाउँदै मृत्यु भएका श्री हु. मे. भरतबहादुर थापाको नाममा ल्याएको २० इञ्चको सोनी टेलिभिजन थान १ (एक) मा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ को दफा ५ क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि वरिष्ठ श्रम अधिकृतलाई श्रम अधिकृतको काम गर्ने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको नि. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२०